# प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि कार्यान्वयन कार्यविधि, २०७५






प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

## गण्डकी प्रदेश

मालेपाटन, पोखरा

# प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि कार्यान्वयन कार्यविधि २०७५

**प्रस्तावना**

गण्डकी प्रदेशका शहरी क्षेत्रहरूमा बढ्दो जनसङ्ख्यालाई उपभोगका लागि ताजा तरकारीको माग पूरा गर्न व्यवसायिक तरकारी खेती सुरू वा बिस्तार गर्नुपर्ने देखिन्छ ।तरकारी बालीको उत्पादन बढाउन यसको उत्पादकत्व बढाउनु नितान्त आवश्यक छ र यसका लागि आधुनिक प्रविधिहरू अपनाउन जरुरी देखिएको छ । प्लाष्टिक घर, एग्रीनेट घर तथा हरित गृहमा तरकारी खेती गर्ने प्रचलन हालका वर्षहरूमा निकै बढ्दै गएको पाइन्छ । त्यस प्रकारका प्रविधि वा संरचनाहरूको प्रयोगले प्रतिकूल मौसम पनि सफल रूपमा खेती गर्न सकिने र शत्रुजीवहरूबाट पनि केहि हदसम्म तरकारी बालीलाई संरक्षण गर्न सकिने, मल र पानीको नियन्त्रित प्रयोग गर्न सकिन्छ । साथै त्यस किसिमका संरचनाहरूमा तरकारी खेती गर्दा उल्लेखनीय रूपमा तरकारी बालीको उत्पादकत्व बढाउन सकिने कुरा पनि प्रमाणित भैसकेको छ । यसै सन्दर्भमा आ.व. २०७५।७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न बाञ्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

### १. सङ्क्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम **प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि कार्यान्वयन कार्यविधि** २०७४ रहेको छ ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

### २ कार्यविधि लागू हुने क्षेत्रः

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ ।

### ३ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) **"अनुदानग्राही"** भन्नाले व्यवसायिकरूपमा उच्च मूल्य जाने तरकारी बाली वा तरकारी बालीको नर्सरी व्यवसाय सञ्चालन गर्नका लागि यस कार्यविधि बमोजिम छनौट भएका कृषि सहकारी, कृषि फार्म, निजी कृषि कम्पनी सम्झनुपर्दछ ।

ख) "**प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि**" भन्नाले हाइटेक ग्रीनहाउस, नेचुरल्ली भेण्टीलेटेड ग्रीनहाउस, एग्रीनेट हाउस, प्लाष्टिक टनेल (जि आइ पाइप वा बाँसको), सूक्ष्म सिंचाइ पूर्वाधार तथा प्लाष्टिक मल्चिङ (छापो) प्रयोग गरी उच्च मूल्य जाने तरकारी बाली तथा तरकारीको बेर्नाको गुणस्तरीय उत्पादन तथा व्यवस्थापनलाई सम्झनुपर्दछ ।

ग) "**प्रस्ताव**" भन्नाले उच्च मूल्य जाने ताजा तरकारी वा तरकारीको बेर्ना उत्पादनका लागि प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि निर्माणका लागि अनुदान पाउन पेश गरेको आवेदन विवरण सम्झनुपर्दछ ।

घ) "**अनुदान**" भन्नाले पूर्वाधार निर्माणका लागि सहयोग उपलब्ध गराइने नगद वा उत्पादन सामग्री अनुदान सहयोगलाई सम्झनुपर्दछ ।

ङ) "**निजी कृषि कम्पनी / कृषि फार्म**" भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कृषि बाली उत्पादन, प्रशोधन, बजारीकरण सम्बन्धी उद्देश्य भएका निजी कम्पनी भन्ने बुझ्नुपर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको कृषि बाली उत्पादन, प्रशोधन, बजारीकरण सम्बन्धी उद्देश्य भएका उद्योग समेतलाई सम्झनुपर्दछ ।

च) **ग्रीनहाउस**" भन्नाले हाइटेक ग्रीनहाउस, नेचुरल्ली भेण्टीलेटेड ग्रीनहाउस तथा एग्रिनेट हाउसलाई सम्झनुपर्दछ ।

छ) "**प्लाष्टिक टनेल / घर**" भन्नाले जि. आइ. पाइप वा बाँस र सिलपोलिन प्लाष्टिक प्रयोग गरी बनाइएको घर वा टनेललाई सम्झनुपर्दछ ।

ज) "**हाइटेक ग्रीनहाउस**" भन्नाले तापक्रम व्यवस्थापनको अतिरिक्त परावैजनी किरण अवरोधक पोलिथिन (U.V. Stabilized Polyethylene film) र जाली (U.V. Stabilized Thermal Net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण र Galvanized Iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनुपर्दछ ।

झ) "**नेचुरल्ली भेण्टीलेटेड ग्रीनहाउस**" भन्नाले तापक्रम नियन्त्रणको अतिरिक्त टप तथा साइड भेण्टिलेशनका माध्यमबाट तापक्रम व्यवस्थापन सहितको परावैजनी किरण अवरोधक पोलिथिन (U.V. Stabilized Polyethylene Film) र जाली (U.V. Stabilized Thermal Net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण र Galvanized iron वा Aluminium Locking Profile बाट निर्मित घरलाइ सम्झनुपर्दछ ।

ञ) "**एग्रिनेट हाउस**" भन्नाले फ्ल्याट टप भइ ४० Mesh को टप एग्रिनेट, एल्मुनियम शेड नेट तथा क्रिष्टल साइड नेटको आवरण र Galvanized iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनुपर्दछ ।

ट) "**प्लाष्टिक टनेल / घर**" भन्नाले जि. आइ. पाइप वा बाँस र सिलपोलिन प्लाष्टिक प्रयोग गरी बनाइएको घर वा टनेललाई सम्झनुपर्दछ ।

ठ) "**उच्च मूल्य जाने तरकारी बाली**" भन्नाले बजारमा उच्च माग भई उच्च मूल्यमा विक्री वितरण हुने तरकारी बालीहरू जस्तैः गोलभेडा, भेंडे खुर्सानी (रङ्गिन तथा हरियो), काँक्रो, करेला, जुकिनी फर्सी लगायतका अन्य तरकारीलाई सम्झनुपर्दछ ।

(ड) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ।

(ढ) **"निर्देशनालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालय भन्ने सम्झनुपर्छ ।

(ण) **"केन्द्र"** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्लास्थित कृषि प्रविधि प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनुपर्दछ ।

त) "**मूल्याङ्कन समिति**" भन्नाले परिच्छेद २ को दफा ७ अनुसार गठित समिति सम्झनुपर्दछ।

थ) **"प्रमुख"** भन्नाले कृषि ज्ञान केन्द्र वा कृषि विकास निर्देशनालयका प्रमुखलाई सम्झनुपर्दछ ।

## ४ कार्यक्रमको उद्देश्य

- आधुनिक प्रविधिको प्रयोगबाट उच्च मूल्य जाने तरकारी बालीको उत्पादकत्व तथा गुणस्तर वृद्धि गर्ने ।
- कृषक समूह, कृषि सहकारी तथा निजी कम्पनीलाई व्यवसायिक तरकारी खेतीमा आकर्षित गरी लगानीको वातावरण सिर्जना गर्ने ।
- बेरोजगार युवाहरूलाई कृषिको व्यवसायिकरणमा आकर्षित गरी कृषिको व्यवसायिकरणमा सहयोग पुर्याउने ।

## परिच्छेद २
## कार्यक्रम र सञ्चालन विधि

## ५. सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने

क) यस कार्यविधि अनुरूप सम्भाव्य र आवश्यक जिल्लाहरूमा उच्च मूल्य जाने तरकारी बाली तथा तरकारीको बेर्ना उत्पादनका लागि ग्रीनहाउस लगायतका अन्य प्लाष्टिक टनेल निर्माण कार्यमा गण्डकी प्रदेश सरकारका तर्फबाट सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले केन्द्रहरूले कम्तीमा ३० दिनको म्याद दिई सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ । प्रकशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू केन्द्रको वेवसाइट पनि राख्ने व्यवस्था गर्नेछ । प्रेसित सूचनाको व्यापक प्रचार-प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनेछ । सूचना बमोजिम सम्बन्धित कृषक समूह,

कृषि सहकारी, कृषि फार्म, कृषि वा पर्यटन सम्बन्धी कम्पनी वा संस्था आदिले प्रस्ताव पेश गर्न ।

ख) उपदफा (क) बमोजिम प्रकाशन भएको सूचना अनुरूप दफा ६ बमोजिम योग्यता पुगेका आवेदकले सबै कागजात संलग्न गरी आवेदन प्रस्ताव पेश गर्न वा दर्ता गर्न सक्नेछन् ।

## ६. आवेदन दिन आवश्यक योग्यता

यस कार्यविधि अनुरूपको कार्यका लागि तपसिल अनुसार योग्यता पुगेका कृषक वा उद्यमीहरूले आवेदन दिन सक्नेछन् ।

क) आवेदक कानुन बमोजिम समूह वा सहकारी वा कम्पनीको रूपमा दर्ता भएको हुनुपर्नेछ ।

ख) आवेदकले सम्बन्धित निकायबाट कृषि क्षेत्रमा उत्पादन लगायतका विविध कार्य गर्ने अनुमति लिएको हुनुपर्नेछ ।

ग) आवेदकले कानुन अनुसार पूरा गर्नुपर्ने सबै दायित्वहरू जस्तैः लेखापरीक्षण, करचुक्ता, नवीकरण पूरा गरेको हुनुपर्नेछ । कृषक समूहको हकमा समूह दर्ता भई नवीकरण भएको हुनुपर्नेछ ।

घ) हाइटेक ग्रीनहाउस, नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस तथा एग्रीनेट हाउसको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रस्तावित पूर्वाधार निर्माण गर्नका लागि प्रर्याप्त जमिन भएको वा कम्तीमा १० वर्षको लागि प्रर्याप्त जमिन लिजमा लिएको हुनुपर्नेछ भने प्लाष्टिक घर / टनेलको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रस्तावित पूर्वाधार निर्माण गर्नका लागि प्रर्याप्त जमिन भएको वा कम्तीमा ५ वर्षको लागि जमिन लिजमा लिएको हुनुपर्नेछ ।

ङ) ग्रिन हाउस र एग्रिनेट हाउसको हकमा डिजाइन, लेआउट तथा लागत इस्टिमेट मान्यता प्राप्त प्राविधिक वा फर्म (आपूर्तिकर्ता) बाट अनिवार्य रूपमा तयार भएको हुनुपर्नेछ ।आफै तयार पारेको डिजाइन र लागत इस्टिमेटले मान्यता दिइने छैन ।

च) ग्रीनहाउस र प्लाष्टिक टनेलमा उच्च मूल्य जाने तरकारी उत्पादनका लागि आवश्यक जनशक्ति तथा प्राविधिक ज्ञानको व्यवस्था भएको हुनुपर्नेछ ।

छ) ग्रीनहाउस र प्लाष्टिक टनेलमा उच्च मूल्य जाने तरकारी उत्पादनका लागि लागत अंश व्यहोर्न सक्ने क्षमता भएको हुनु पर्नेछ र सो को प्रमाण स्वरूप आवेदकको बैङ्क मौज्दातको विवरण वा बैङ्कले लगानी उपलब्ध गराउने प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ ।

ज) व्यासायिक योजना प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

## ७. छनौट समितिको गठन व्यवस्था

यस कार्यविधि बमोजिम पेश भएका कार्यक्रम प्रस्तावको मूल्याङ्कन र सो सम्बन्धी कार्यहरू गर्नका लागि देहाय बमोजिम छनोट समिति गठनको व्यवस्था गरिएको छ । यस कार्यविधि अनुरूप अनुदान दिने निर्णाय स्वीकृत गर्न केन्द्र प्रमुखलाई सिफारिस गर्नेछ ।

(क) कृषि प्रसार अधिकृत, केन्द्र —अध्यक्ष

(ख) बाली संरक्षण अधिकृत, केन्द्र —सदस्य

(ग) बागवानी विकास अधिकृत, केन्द्र —सदस्य सचिव

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

## ८. छनौट समितिको काम, कर्तव्य र अधिकार

क) यस कार्यविधि अनुसार पेश हुन आएका कार्यक्रम प्रस्तावहरूको मूल्याङ्कन गर्ने ।

ख) स्वीकृत वजेटको परिधिभित्र रही प्रस्तावित कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउन केन्द्र प्रमुखलाई सिफारिस गर्ने ।

ग) प्रस्तावित कार्यक्रम सञ्चालनका लागि प्रगतिका आधारमा अनुदानको पहिलो किस्ता र अन्य किस्ताहरू उपलब्ध गराउन सिफारिस गर्ने ।

घ) सञ्चालित कार्यक्रमहरूको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

ङ) केन्द्र प्रमुखलाई सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण उपलब्ध गराउने ।

# परिच्छेद ३
# अनुदान रकम स्वीकृति र सम्झौता

९. ग्रीनहाउस र प्लाष्टिक घर निर्माण गरी उच्च मूल्य जाने तरकारी तथा तरकारी बेर्ना उत्पादन गर्नका लागि छनौट भएका आवेदकहरूलाई तल तालिकामा उल्लेख भए अनुसार अनुदान उपलब्ध गराइनेछ । अनुदान रकम अधिकत १० लाखसम्म लिनका लागि तोकिएको न्यूनतम क्षेत्रफल तथा अनुसूची ७ मा उल्लेखित स्पेसिफिकेशन अनुसारको निर्माण गरेको हुनुपर्नेछ ।

| विवरण | न्यूनतम क्षेत्रफल (व. मि.) | कुल लागतको अनुदान प्रतिशत |
|---|---|---|
| बाँसको प्लाष्टिक घर | ५०० | ७० |
| जि आइ पाइपको प्लाष्टिक घर | २५० | ७० |
| एग्रि-नेट हाउस | २५० | ७० |
| नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस | २५० | ७० |
| हाइटेक ग्रीनहाउस | २०० | ७० |

१० अनुदान प्राप्त हुने रकमको अधिकतम ३% (तिन प्रतिशत) रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, बैठक भत्ता, प्रस्ताव मूल्याङ्कन पारिश्रमिक तथा अनुदानग्राहीलाई तालिम तथा अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

११ छनौट समितिबाट स्वीकृति प्राप्त भएपछि सोको आधारमा केन्द्रले अनुदानग्राहीसँग प्रतिबद्धता लिई थप Negotiation गरी सम्झौता गरी कार्यदिश दिनेछ ।

## परिच्छेद ४
## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १२ अनुदान प्रवाह विधि

क) प्रस्तावकले सम्झौता बमोजिम कार्य गरिसकेपछि स्थलगत प्रतिवेदन, बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ ।

ख) अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ । सम्झौता बमोजिम कार्य प्रगति मूल्याङ्कनका आधारमा सम्बन्धित प्राविधिक वा छनोट समितिको सिफारिसमा बढीमा २ किस्तामा भुक्तानी दिइनेछ । पहिलो किस्ता आधा काम सम्पन्न भएपछि प्रगति र अनुगमनका आधारमा र अन्तिम किस्ताको रकम काम सम्पन्न भएश्चात प्राविधिकको अनुगमन, काम सम्पन्नको प्रतिवेदन र सम्पूर्ण बिल भरपाई प्राप्त भएकपछि मात्र उपलब्ध गराइने।

### १३ अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य कुरा

क) प्रस्तावक वा उद्यमीले यस कार्यविधि अनुसार सञ्चालन हुने वा भएको कामको विस्तृत विवरण, कुल लागत, सहयोग उपलब्ध गराउने सङ्ख्या, काम सम्पन्न हुने अवधि इत्यादिको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदानग्राहीले आफूले सञ्चालन गरेको कार्यक्रमको सार्वजनिक सुनवाई गर्नु पर्नेछ । सार्वजनिक सुनवाइमा आफुले प्राप्त गरेको रकमको विवरण, सञ्चालन गरिएका

कार्यक्रमको विवरण र प्राप्त भएको प्रगति तथा उपलब्धीहरूको जानकारी गराउँनु पर्नेछ ।

ग) अनुदान सहयोगमा सञ्चालित कार्यक्रम समापन पश्चात अनुदानग्राहीले कम्तीमा पनि १० वर्षसम्म निरन्तरता दिनुपर्नेछ ।

घ) आवश्यक अनुसार मर्मत संहार लगायतका कार्यहरूलाई नियमितता दिनु पर्नेछ ।

ङ) कार्य सञ्चालनका क्रममा मन्त्रालय, निर्देशनालय लगायतका अन्य प्रदेशस्तरीय कार्यालयहरूबाट दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

च) गण्डकी प्रदेश सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको पूर्वाधार निर्माण तथा कार्यक्रम सञ्चालनको हिसाब सम्बन्धी किताब हेर्न सक्नेछ । हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ ।

छ) अनुदानग्राहीले अनिवार्य रूपमा बाली बिमा गराउनु पर्नेछ ।

ज) प्रस्तावित संरचना निर्माणपश्चात मर्मत सम्भारको जिम्मा अनुदानग्राहीको हुनेछ ।

झ) प्रास्तावित संरचनाहरू निर्माण गर्दा कुनै दुर्घटना भएमा त्यसको जिम्मेवारी अनुदानग्राहीले नै लिनुपर्नेछ ।

## परिच्छेद ५
## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### १४ अनुगमन तथा मूल्याङ्कन

क) प्लाष्टिक घर र ग्रीनहाउस निर्माण गरी उच्च मूल्य जाने तरकारी तथा तरकारीको बेर्ना उत्पादन कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय, केन्द्रले संयुक्त वा आवश्यकता अनुसार छुट्टा-छुट्टै पनि गर्नेछन ।

ख) उपदफा (क) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहले सुरक्षित राख्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिम लिइएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद ६
## विविध

### १५ अनुदान रकमको दुरूपयोग सम्बन्धमा

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनोट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

**१६. बाधा अड्चन निरूपण**

क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

**१७. संशोधन तथा परिमार्जन**

क) यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१८. प्रचलित कानुन बमोजिम हुने**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

### हाइटेक ग्रीनहाउस/नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस/ एग्रिनेट हाउस/ प्लाष्टिक टनेल निर्माण तथा सञ्चालन गर्न अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आह्वानको सूचना

**सूचना । सूचना ।। सूचना ।।।**

यस ................ आर्थिक वर्ष ............... को सञ्चालन स्वीकृत कार्यक्रम अनुसार उच्च मूल्य जाने तरकारी तथा तरकारीको बेर्ना उत्पादनका लागि ग्रीनहाउस र प्लाष्टिक टनेल निर्माणका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा गण्डकी प्रदेशका इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनीहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र ................मा तोकिएको ढाँचामा आवश्यक कागजातहरू एवम् व्यवसायिक प्रस्ताव सहित आवेदन आह्वान गरिएको छ । थप जानकारीका लागि ...............मा सम्पर्क गर्न हुन अनुरोध छ ।

| रु १० को टिकट |
|---|

# अनुसूची २
## आवेदन फारम

श्रीमान् ..............................

विषयः ..................................उत्पादनका लागि हाइटेक ग्रीनहाउस/नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस/ एग्रिनेट हाउस/ प्लाष्टिक टनेल निर्माण व्यवसायिक योजना सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तहाँ ...................... बाट सञ्चालित प्रिसिजन तथा प्रोटेक्टेड प्रविधिबाट उच्च मूल्य जाने तरकारी तथा तरकारीको बेर्ना उत्पादनका लागि ग्रीनहाउस तथा प्लाष्टिक टनेल निर्माणका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत (आवेदकको नाम तथा ठेगाना)...................................... ले सञ्चालन गर्ने .................................उत्पादनको व्यवसायिक योजना तथा अनुसूचीहरूमा उल्लेख भए बमोजिमका व्यवसायिक क्रियाकलापका लागि जम्मा रकम रु........................./- (अक्षरेपी ...............................................................) को व्यवसायिक योजना तयार गरि आवश्यक अन्य काजगात सहित अनुदान सहयोगको लागि पेश गरेको अनुरोध गर्दछु । व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेट मध्ये तहाँ ...................... बाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ......................./ (अक्षेरुपी.................................) बाहेकको अन्य रकम ( आवेदकको नाम) ............................ले नगद तथा जिन्सी एवम् श्रमदान गरी रु......................./- (अक्षरेपी ................) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ ...................... बाट सञ्चालित यस कार्यक्रममा छनौट गरिपाउँ भनी अनुरोध छ । साथै तपसिल अनुसारका कागजातहरू यसै निवेदनसाथ संलग्न राखी पेश गरिएको व्यहेरा अनुरोध छ ।

<u>संलग्न कागजातहरू</u>

१ रु १० को टिकट टाँसेको अनुसूची ३ अनुसारको निवेदन
२ नेपाली नागरिकताको प्रतिलिपि ।
३ दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा-परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४ जमिनको लालपूर्जाको प्रतिलिपि वा लिजको करार-पत्र ।
५ संलग्न हुने प्राविधिकहरूको व्यक्तिगत विवरण र तालिम लिएको प्रमाण प्रत्रको प्रतिलिपि ।
६ ग्रीनहाउसको डिजाइन तथा लेआउट एवम् आपूर्तिकर्ताको कोटेशन/इष्टिमेट (ग्रीनहाउसको हकमा)।
७ आवेदकसँग रहेको लगानीका श्रोतहरूको आधार ।
८ प्रस्तावित जमिनमा सडक, पानी तथा बिजुली रहे नरहेको प्रमाण/प्रमाणित कागजात
९ अनुसूची ३ अनुसारको व्यवसायिक योजना ।

निवेदक

नामः

पदः

संस्थाको नामः

ठेगानाः

छापः

## अनुसूची-३

## हाइटेक ग्रीनहाउस/नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस/ एग्रिनेट हाउस/ प्लाष्टिक टनेल निर्माण तथा सञ्चालन प्रस्ताव पेश गर्ने ढाँचा

**१. आवेदकको विवरण**

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैर-सरकारी संस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने रु | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

**२. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी**

**३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत आदि) उपलब्धताको बारेमा उल्लेख गर्ने ।**

**४. हाल हाइटेक ग्रीनहाउस/नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस/ एग्रिनेट हाउस/प्लाष्टिक टनेलमा उत्पादन सञ्चालन भए सोको विवरण उललेख गर्ने ।**

| क. सं. | कार्यक्रम विवरण | कार्यक्रमले ओगटेको क्षेत्रफल वा सङ्ख्या | वार्षिक उत्पादन | वार्षिक आम्दानी (रु.) | रोजगारी सिर्जना (सङ्ख्या) |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**५. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्व**

**६. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि**

क्षेत्रफल वा सङ्ख्या

वार्षिक उत्पादन

वार्षिक आम्दानी रु

सिर्जना हुने रोजगारी सङ्ख्या

**७. हाइटेक ग्रीनहाउस/नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस/ एग्रिनेट हाउस/प्लाष्टिक टनेल निर्माण अन्तरगत सञ्चालन हुने मुख्य मुख्य क्रियाकलापहरू**

| क. सं. | क्रियाकलाप विवरण | एकाइ | परिणाम | समापन गर्ने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

**८. कार्यक्रम सञ्चालन अवधिः**

**९. खर्च विवरणः**

**क. स्थिर खर्चको विवरणः**

कृषि यन्त्र उपकरणहरू र सिँचाइको व्यवस्था आदि जस्ता संरचना निर्माणमा हुने खर्च समावेश गर्ने।

| क.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख. चालु खर्चको विवरण (एक वर्षको मात्र)**

बिउ, मल, विषादी, प्लाष्टिक आदिमा हुने खर्च ।

| क.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**१०. प्रस्तावित कार्यक्रमको लागत विवरण**

**आफ्नो लगानी र माग गरिएको अनुदान रकम**

| क्र.सं. | विवरण | अनुदानग्राहीको लागानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**११. अनुदान सहयोग पश्चात प्रस्तावित कार्यक्रमको निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस् ।**

**१२. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्**

प्रस्तावकको

संस्थाका नाम                                संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

## अनुसूची ४

### हाइटेक ग्रीनहाउस/नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस/ एग्रिनेट हाउस/प्लाष्टिक टनेल निर्माण गर्न अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं | सूचक | अङ्क |
|---|---|---|
| **१** | **प्लाष्टिक घर/नेटहाउस वा ग्रीनहाउस निर्माणका लागि प्रस्तावित जमिनको उपयुक्तता** | **१५** |
| क | सडक, सिँचाइको श्रोत, बिजुलीको सुविधा उपलब्ध भएको तथा प्रस्तावित जमिन प्रस्तावित पूर्वाधार निर्माणका लागि उपयुक्त रहेको | १५ |
| ख | बिजुली र सडकको सुविधा तत्काल नभएको तर हुन सक्ने | १० |
| **२** | **प्लाष्टिक घर/नेटहाउस वा ग्रीनहाउसको क्षेत्रफल** | **२०** |
| क | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल भन्दा १०० प्रतिशत वा सोभन्दा बढी | २० |
| ख | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफलभन्दा ५० प्रतिशत वा सोभन्दा बढी | १५ |
| ग | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफलबराबर | १० |
| **३** | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | **१०** |
| क | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० |
| ख | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधक सम्भाव्य देखिएको | ५ |
| ग | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ० |
| **४** | **व्यवसायिक योजना** | **२०** |
| क | व्यवसायिक दृष्टिले बढी मुनाफाजनक, दिगो तथा प्रष्ट | २० |
| ख | व्यवसायिक दृष्टिले कम मुनाफामूलक, कम दिगो तथा अस्पष्ट | १० |
| ग | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अव्यवहारिक | ० |
| **५** | **आवश्यक जमिनको अवस्था** | **२०** |
| क | आफ्नै नाममा | २० |
| ख | १५ वर्ष वा बढीको लिज | १५ |
| ग | ५ वर्षदेखि १० वर्षको लिज | ५ |
| **६** | **स्थानीय निकाय वा गैर-सरकारीसंस्थाको सहभागिता** | **१५** |
| क | स्थानीय निकायको सहभागिता सुनिश्चित भएको | १५ |
| ख | गैर-सरकारी संस्थाको सहभागिता सुनिश्चित भएको | १० |
| ग | दुवैको सहभागिता नहुने | ० |
| | **कुल जम्मा** | **१००** |

## अनुसूची ५
## प्रतिबद्धता पत्र

...........को मिति २०..../...../...... को सूचना अनुसार ग्रीनहाउस/प्लाष्टिक घर निर्माण गरी उच्च मूल्य जाने तरकारी वा तरकारीको बेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि व्यवसायिक योजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजना उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५ (पाँच) वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । व्यवसायिक योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरू बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं अन्यथा एन कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/गर्दछौ ।

इति संवत् २०७..../......../......गते ...... रोज ...... शुभम ।

नाम :

ठेगाना :

दस्तखत :

मिति :

छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची ६
## सम्झौता-पत्र

### हाउस/प्लाष्टिक टनेल निर्माणका लागि दुई पक्षीय सम्झौता

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति २०७..... साल ......... महिनाको ....... गतेका दिन .......................(यसपछि प्रथम पक्ष भनिएको) र (अनुदानग्राहीको नाम तथा ठेगाना)..............................(यसपछि अनुदानग्राही द्वितीय पक्ष भनिएको) र बीच ग्रीनहाउस/नेटहाउस/प्लाष्टिक घर निर्माण गरी .................... उत्पादन तथा बजारीकरण कार्यका लागि देहाय बमोजिमका सर्तहरूको पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ । यो सम्झौता दुवै पक्षहरूबाट हस्ताक्षर भएपछि यसै सम्झौतमा उल्लेख भएको मितिदेखि लागू हुनेछ ।

### १. सम्झौता गरिएको कामको विवरण

ग्रीनहाउस/प्लाष्टिक टनेल निर्माण गरी ..................................उत्पादन तथा बजारीकरण गर्ने प्रस्ताव...................ले स्वीकृत गरेको छ । यस ........................र अनुदानग्राहीका बीच भए गरेका र सहमत भएका पछिल्ला सेवा तथा सर्तहरू समेतलाई यस पछि उपआयोजना भनिनेछ । प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि कार्यान्वयन कार्यविधि २०७५ मा उल्लिखित ग्रीनहाउस/प्लाष्टिक घर निर्माण स्पेसिफिकेशन अनुसारको पूर्वाधार तथा सिँचाइ पूर्वाधार द्वितीय पक्षले निर्माण गर्नुपर्नेछ ।

### २. आयोजनाको समयावधि

यो सम्झौता भएको मितिले १५ दिनभित्र कार्य सुरु गर्नुपर्नेछ । विशेष परिस्थितिमा सामान्यतया दुवै पक्षको समक्षदारीमा लिखित सहमतिको परिशिष्ट सहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ । उपरोक्त अनुसारको सहमति नभएसम्मका लागि यो उपआयोजनाको अवधि निम्नानुसार हुनेछ ।

| | |
|---|---|
| सुरु मितिः | |
| सम्पन्न हुने मितिः | |

### ३ आयोजनाको कुल लागत

आयोजनाको कुल लागत अनुमान रु .....................(अक्षेरुपी ................ लाख .................. हजार ........... सय .....................मात्र) रहेको छ जस मध्ये ............. ले तालिकमा उल्लेख गरिए अनुसार कन्टिन्जेन्सी रकम कट्टी गरी कुल ......................... ने रु अनुदान उल्लेख भएको अनुदान उपलब्ध गराउनेछ ।

**लागत विवरण**

| क्र.स. | विवरण | जम्मा बजेट रु |
|---|---|---|
| १ | ................. वर्ग मि को ग्रीनहाउस/प्लाष्टिक घर | |
| २ | सिँचाइ पूर्वाधार निर्माण | |
| ३ | उपलब्ध गराउने जम्मा अनुदान रकम रु | |
| ४ | कट्टी गर्ने कन्टिन्जेन्सी रकम ३ प्रतिशतका दरले रु | |
| ५ | निर्देशनालयले उपलब्ध गराउने कुल अनुदान रकम रु | |
| ६ | आवेदकको लगानी रकम रु | |

४. अनुदान प्रवाह तथा समायवधि प्रथम पक्षले द्वितीय पक्षलाई आयोजनाको प्रकृति अनुसार २ किस्तामा सम्झौता बमोजिम रकम उपलब्ध गराउनेछ । अन्तिम किस्ता भुक्तानीका लागि बिल सहितको सम्पन्न प्रतिवेदन तयार गरी अनदानग्राहीको बैठकबाट निर्णय गराइ अनुरोध गर्नु पर्नेछ । अनुदान रकम अनुदानग्राहीको बैङ्क खातामा उपलब्ध गराइनेछ र अनुदानग्राहीको बैङ्क खाता विवरण निम्न बमोजिम हुनेछ र यदि सम्झौता अवधिमा यी विवरणहरूमा कुनै परिवर्तन भएमा .................जानकारी गराउनु पर्नेछ । कार्य प्रारम्भ गर्नका लागि पेश्की स्वरूप ३० प्रतिशत रकम उपलब्ध हुनेछ र कार्य समापन भएपश्चात सम्पूर्ण बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि अन्तिम किस्ता उपलब्ध हुनेछ ।

**प्रथम पक्ष**

नामः
पदः
संस्थाको नाम र ठेगानाः
मितिः
हस्ताक्षरः

**द्वितीय पक्ष**

नामः
पदः
संस्थाको नाम र ठेगानाः
मितिः
हस्ताक्षरः

साक्षीहरू

# अनुसूची ७
# स्पेसिफिकेशन

## १ ग्रीनहाउस

### १.१ हाइटेक ग्रीनहाउस

**ग्रीनहाउस वा पोली हाउसको टेक्निकल स्पेसिफिकेसन**

| आइटम | साधारण स्पेसिफिकेशन |
|---|---|
| साइज | कम्तीमा २०० व मि हुनु पर्ने बढी ५६० व मि सम्म हुन सक्ने आइटम |
| Shape | Aero Dynamic along all four sides with curvature shaped hockey pipes of 48.0 mm OD GI Pipes |
| Structure | Hot Dip Galvanized Tubular Structure of BIS standards. Galvanization of the structural members should not be less than 300 GSM (Grams per square meter). |
| Withstnad to wind velocity | Structure should withstand to minimum wind velocity of 80.6 miles per/hr or 130 km/hr |
| Column | 76 OD, 2 mm thick |
| Purlin | 48 mm OD/2 mm thick at ridge and 42/43 mm OD/2 mm thick for center |
| Trusses | Bottom horizontal 60 mm oD/2 mm thick GI Pipe top chords and truss members 48 mm OD/and 43 mm OD2.0 mm thick |
| Foundation | Pit size should be min 45 cm dia. Depth 75 to 90 cm or suitably altered depending upon Ground strata/level |
| Gutter | Gutter should be made of Galvanized sheet of 2 mm thickness in trapezoidal shape having 500 mm wide perimeter |
| a) Gutter Height | Gutter height should be 4 to 4.5 meter from foundation formation level. |
| b) Gutter slope | 1 to 1.5% to be provided in civil structural work. |
| Ridge height/center height | Minimum 5 to 6.5 meter. |
| Poly Film | Polythene should be properly. UV stabilized at least there years. Thickness of polythene should be minimum 200 micron(0.2 mm) |
| Poly Fixing | C type profile made from Alloy Aluminum should have-high strength with light weight-(approx 220-250 gm/rmtrs) smooth edges |
| Spring Insert | A plastic coated GI wire spring of 2.2 mm diameter, having good elasticity |
| Entrance | Double door entry Doors should be made of form FRP Sheets or polycarbonate sheets. The door area should have 50 mm PCC Flooring over 75 mm thick sub base. |
| Civil work | Wall on fan side will be 35 mm thick and 80 cm high and wall on pad side will be 23 cm on thick & 100 cm high from ground level in cm 1.6 with required foundation. All the walls will be plastered in cm 1.4 on top and sides. |
| Electrical fittings | Conduit and wiring as required for connecting light, fan, motor and pumping to main electrical supplies. |
| **Climate control system** | |
| Fan and Pad System | -Numbers of Fan depends upon size of Fan-pad house and it should be capable of exhausting air volume in one minutes. The necessary digital controller with sensory device & accessories of standard quality as per requirement should be provided to operate the fan & pad system for controlling temperature & humidity inside the Green house. |
| Fogging System | -In consist of four way anti leak fogger 28 iph flow rate |

## १.२ नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस

**Technical standards of Naturally ventilatted green house/Polyhouse**

| **SN** | **Item** | **General Specification** |
|---|---|---|
| 1 | Type | • Minimum top ventilation should be 10% of total Polyhouse/Greenhouse area |
| 2 | Size | Area= Minimum 150 $m^2$ |
| 3 | Shape | Green house will be aero dynamic along all four sides with curvature shaped balcony pipes of 48m m OD/2 mm thick G I pipes. |
| 4 | Strucuture | Hot Dip Galvanized Tubular structure. Galvanization of the structural members of BIS standards should not be less than 300 GSM (grams per square meter) |
| 6 | Stability of strucuture | Structure should withstand to minimum wind velocity of 80.6 miles per/hr or 130 Km/hr or 36 Meter per second. |
| 9 | Gutter | Gutter should be made of Galvanized sheet of 2 mm thickness in trapezoidal shape having 500 mm wide perimeter. |
| | Gutter Height | Gutter height should be 4 to 4.5 meter from foundation formation level. |
| 10 | Ridge Height | Ridge height should be 6 to 6.5 meter from foundation formation level. |
| 11 | Arches Overlap | Minimum overlap of top arch over second (small) arch should be 600mm to avoid direct rain entrance into the greenhouse from the vent. |
| 12 | Foundation | Pit size should be min 45 cm dia. Depth 75 to 90 cm |
| 13 | Civil works | Cement concrete 1:2:4 blocks of size 30 cm X 30 cm X 80cm for embedding vertical pipe, 80cm to 1m wide and 10cm thick footpaths made of cement concrete ration of 1:2:4 should be provided. |
| 14 | Curtain Opening | Minimum 1.5 m clear side curtain opening is required. Side curtain should have min.200mm overlap to the bottom apron. This overlap is necessary to avoid direct entrance of rain into the green house and also to stop direct air entry in the nights. |
| 15 | Bottom Apron | It should have min 0.6 m height from the ground and max 1.5 meter depending upon the crop and climatic conditions. |
| 16 | Doors | Min width of door should be 1 M and min height 2 M. the door area should have 50 mm PCC flooring over 75 mm thick sub base. |
| 17 | Top shadding and side shadding | Top shading can be done by using following material:<br>**a) Shading net:** It should not be more than 50% shade factor. GSM should be minimum 100.<br>**b) Side Shading: s**hade net of 35% should be used to create side shading. This is useful to avoid direct entry of sunlight into the poly-house/green house when curtain is open. Minimum GSM should be 75. |
| 18 | Polythene | Polythene should be properly UV stabilized and prorated warranted for at least three years. Thickness of polythene should be minimum 200 micron (0.2 mm). |

## १.३ एग्रिनेट हाउस

**Specification of Agri net house**

| SN | Item | Specification |
|---|---|---|
| 1 | Size | Minimum 150 Square meter |
| 2 | Shape | Flat top |
| 3 | Withstand to wind velocity | Withstand wind velocity upto 104 Km/hr and 120Km/Hour per hrs in high wind velocity zone |
| 4 | Foundation | 2 mm thickness GI Pipes compatible with columns, length 1.2 m |
| 5 | Center height | • Flat Structure -4m<br>• Hut /dome type structure – Centre height -4m, side height -2.5 m |
| 6 | Aluminum Profile | C type Aluminum profile to fix shade net to the structure by means of self tapping screws. Weight of aluminum profile is 200-220 gm/ meter. |
| 7 | Shade Net | UV stabilized, ranging from 30% to maximum 75% GSM |
| 8 | Door | Polycarbonate/polythene sheet door with 1m widths and 2m height and another door of 1m X2 m Box section frame is embedded inside for the strength. |
| 9 | Anti Room | Anti-room of size 4m X 3 m attached to net house. |
| 10 | Foundation/ Civil work | Cement concrete 1:2:4 block of size 40cm X 40 cm X 90 cm for embedding vertical poll/pipe of shade net, subject to revision as per requirement of site. |
| 11 | Over slope | 1 to 1.5% |
| 12 | APRON | Use of APRON in shade net |

## २ प्लाष्टिक टनेल (बाँसको)

| क्र.सं | विवरण | स्पेसिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक | ९० GSM वा सोभन्दा बढीको सिल्पोलिन वा २०० माइक्रोनको UV प्लास्टिक |
| २ | बाँस | • खामाका लागि प्रयोग हुने बाँस नफोडिएको र बाङ्गो टिङ्गो नभइ सोझो हुनु पर्नेछ<br>• धुरी र छेउ खामोमाथि राखिने बाँस सिङ्गै वा फोडिएको हुन सक्नेछ |
| ३ | उचाइ तथा चौडाइ | • धुरी खामोको उचाइ ४ मिटर जसमध्ये ६० से.मी. जमिनमुनि गाडिएको हुनुपर्ने<br>• छेउको खामोको उचाइ ३ मिटर जसमध्ये ६० से. मी. जमिनमुनि गाडिएको हुनु पर्ने<br>• चौडाइ आवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसार हुनुपर्ने तर ७ देखि १० मिटरभन्दा बढी हुनु नहुने । |

**३ प्लाष्टिक टनेल (जि आइ पाइप):**

| क्र.सं | विवरण | स्पेसिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक | ९० GSM वा सोभन्दा बढीको सिल्पोलिन वा २०० माइक्रोनको UV प्लास्टिक |
| २ | पाइप | • जि.आइ. पाइप<br>• पोलका लागि प्रयोग गरिने जि. आइ. पाइप २ इन्च मोटाइ भएको<br>• धुरी, छेउ र धुरी बाट छेउसम्म लगाइने जि. आइ. पाइप १ इन्च गोलाइको हुनुपर्ने<br>• पोलका लागि प्रयोग गरिने पाइप गोलो वा चारकुने जुन भए पनि हुने तर धुरीमा, छेउमा र धुरीबाट छेउमा लगाउने पाइप भने गोलो हुनुपर्ने |
| ३ | उचाइ तथा चौडाइ | • धुरीखामोको उचाइ १४ फिट जसमध्य २.५ देखि ३ फिट जमिनमुनी ढलान गरी गाडिएको हुनु पर्ने र उक्त ढलान जमिनमाथी १ फिट सम्म हुनुपर्ने<br>• छेउको खामोको उचाइ १० फिट जसमध्य २.५ देखी ३ फिट जमिन मुनी ढलान गरी गाडिएको हुनुपर्ने र उक्त ढलान जमिन माथी १ फिट सम्म हुनु पर्ने<br>• एक खामो र अर्को खामोको दुरी ३ मि वा १० फिट हुनु पर्ने<br>• धुरी खामा र छेउ खामोको Alignation एक अर्कासँग मिलेको हुनुपर्ने र हरेक ३ मि वा १० ⁄ १० फिटमा वा धुरीखामो र छेउको खामा माथिबाट १ इन्चको गोलो पाइप धुरीबाट छेउमा राखिएको हुनुपर्ने<br>• चौडाइ आवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसार हुनुपर्ने तर १० फिटभन्दा बढी हुनु नहुने । |